अनुसूची-१६

(दफा [illegible] को उपदफा (२) सँग सम्बन्धित)

**श्री स्वर्गद्वारी हरियाली सामुदायिक वन उपभोक्ता समूह**

**लमही नगरपालिका वडा नं.-७, वन्गौ, दाङ**

**<u>काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना</u>**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०४/२२**

श्री स्वर्गद्वारी हरियाली सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित लमही नगरपालिका वडा नं.-७, वन्गौमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ,सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८(१) बमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना गोरक्ष राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/२१ गते पहिलो पटक प्रकाशित भएको मितीले २१ औं दिन दिनको कार्यालय समय भित्र यस स्वर्गद्वारी हरियाली सामुदायिक वन उपभोक्ता समूह लमही न.पा.७, वन्गौ दाङ वा डिभिजन वन कार्यालय, दाङ्ग ( देउखुरी) लमही मा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र श्री स्वर्गद्वारी हरियाली सामुदायिक वन उपभोक्ता समूह लमही-७, वन्गौ दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्वन्धी कारोबार गर्ने वन नियमावली- २०७९ को नियम १२८ बमोजिम सुचिकृत फर्म वा संस्थालाई आह्वान गरिएको छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

**१.वन पैदावारको विवरण**

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | मुल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. | |
| १ | साल | गोलिया | बि | १७ | ९५.८ | ८६२२०.०० | २०११८.०० | |
| | साल | गोलिया | सि | २७१ | ७८४.२९ | ४७०५७४.०० | १६४७००.९० | |
| | साल | गोलिया | डि | ७६ | १३७.६५ | ४१२९५.०० | २८९०६.५० | |
| | साल | गोलिया | बि | ४ | २२.८३ | २०५४७.०० | ४५६६.०० | वनपैदावार आपुर्तीसमितिबाट फिर्ता भएको आ.व.२०८१/०८२मा संकलन भएको काठ |
| | साल | गोलिया | सि | १५५ | ४८६.७८ | २९२०६८.०० | ९७३५६.०० | |
| | साल | गोलिया | डि | १२ | २२.१८ | ६६५४.०० | ४४३६.०० | |
| | अस्ना | गोलिया | बि | ४ | ३२.४७ | ९७४१.०० | ६८१८.७० | |
| | अस्ना | गोलिया | सि | १३२ | ३७५.८८ | ३७५८८.०० | ७८९३४.८० | |
| | धौटी | गोलिया | _ | ७८ | ३८२.२७ | ३८२२७.०० | ८०२७६.७० | |
| | काठको कुल जम्मा | | | ७४९ | २३४०.१५ | १००२९१४.०० | ४८६११३.६० | |
| | साल | दाउरा (चट्टा) | – | – | ३.२५ | ३९०००.०० | ३४१२५.०० | |
| | अन्य मिश्रित | दाउरा (चट्टा) | – | – | १०.०० | ४००००.०० | १०५०००.०० | |
| | दाउराको कुल जम्मा | | | | १३.२५ | ७९०००.०० | १३९१२५.०० | |
| | लट नं. १ को कुल जम्मा | | | | | १०८१९१४.०० | ६२५२३८.६० | |
| | साल | गोलिया | बि | २६ | १६१.०२ | १४४९१८.०० | ३३८१४.२० | |
| | साल | गोलिया | सि | ३०२ | ९०८.२० | ५४४९२०.०० | १९०७२२.०० | |

CS CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साल | गोलिया | डि | ८४ | १४८.२३ | ४४४६९.०० | ३११२८.३० | |
| | कर्मा | गोलिया | बि | १० | ७३.७८ | २२१३४.०० | १५४९३.८० | |
| | कर्मा | गोलिया | सि | ६३ | १९०.०६ | १९००६.०० | ३९९१२.६० | |
| | बर्रो | गोलिया | _ | १ | २.७८ | ५५६.०० | ५८३.८० | |
| | दवदवे | गोलिया | _ | १४ | ५३.०८ | ५३०८.०० | १११४६.८० | |
| | कालिकाठ | गोलिया | _ | १० | ३०.४५ | ३०४५.०० | ६३९४.५० | |
| | काठको कुल जम्मा | | | ५१० | १५६७.६० | ७८४३५६.०० | ३२९११९६.०० | |
| | साल | दाउरा (चट्टा) | – | | ४.०० | ४८०००.०० | ४२०००.०० | |
| | अन्य मिश्रित | दाउरा (चट्टा) | – | | ११.२५ | ४५०००.०० | ११८१२५.०० | |
| | दाउराको जम्मा | | | | | ९३०००.०० | १६०१२५.०० | |
| | लट नं. २को कुल जम्मा | | | | | ८७७३५६.०० | ४८९३२१.०० | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०५/११ गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०५/१२ (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लमही शाखामा रहेको यस समूहको खाता नं. ४२९०१०००१९६९००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम लट नं. १ को लागी २००० र लट नं. २ को लागी रु. १००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस स्वर्गद्वारी हरियाली सामुदायिक वन उपभोक्ता समूहको लमही न.पा.-७, वन्गैमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०५/१२ गते यस समूहको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

निरञ्जन सिंह

अध्यक्ष

स्वर्गद्वारी हरियाली सा.व.उ.स., लमही-७ वन्गौ,दाङ

CamScanner